# लमही नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## लमही,दाङ
## ५ नं. प्रदेश, नेपाल

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको कृषि विकास उपशाखाको स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि ,२०७६

| क्र.स | कार्यक्रम | कार्यविधि |
|---|---|---|
| १. | ५० प्रतिशत अनुदानमा उन्नत, मूल, श्रोत तथा हाइब्रिड वीउ वितरण ( तरकारी, च्याउ, आलु, दलहन, तेलहन तथा खाद्यान्न वाली) | ➢ माग संकलनका लागी वडा कार्यालय वा स्थानीय पत्रपत्रिका तथा स्थानीय रेडियो मार्फत सुचना प्रकाशन तथा प्रशारण गर्ने ।<br>➢ सरकारी फर्म, वीउ उत्पादन सहकारी संस्था अथवा सुचिकृत एग्रोभेट अथवा वीउ उत्पादक कृषकबाट खरीद गर्ने ।<br>➢ वीउ खरिद गर्दा **१० प्रतिशत ह्रास** समावेश गरि खरिद गर्ने ।<br>➢ सम्वन्धित वडाका वडा अध्यक्ष अथवा जनप्रतिनिधिको सिफारिसमा माग संकलन गर्ने ।<br>➢ मागअनुसार **खद्यान्न वालीको उन्नत तथा तरकारीको हाईब्रिड वीउ** वितरण गर्दा पहिलो प्रर्थामिकता कृषक समुह ,कृषि सहकारी संस्था ,कृषि फार्म र अगुवा कृषकहरुलाई क्रमश वितरण गर्ने ।<br>➢ **मूल वीउ तथा श्रोत वीउ** अनुमती प्राप्त वीउ उत्पादक कृषि सहकारी कृषक समुह तथा कृषि फर्मलाई वितरण गर्ने ।<br>➢ कृषकहरुलाई वितरण गरेको भर्पाई अभिलेख राख्ने ।<br>➢ कार्यक्रम सम्पन्न भएपछि अनुगमन गर्ने । |
| २. | ५० प्रतिशत अनुदानमा कृषि समाग्री (प्लाष्टिक घरका लागी टनेल, मल्चिङ प्लाष्टिक, च्याउ खेती घर निर्माणका लागी प्लाष्टिक) वितरण | ➢ माग संकलनका लागी वडा कार्यालय वा स्थानीय पत्रपत्रिका तथा स्थानीय रेडियो मार्फत सुचना प्रकाशन तथा प्रशारण गर्ने ।<br>➢ सुचिकृत फर्म, सप्लायर्स तथा एग्रोभेट वाट खरीद गर्ने ।<br>➢ सम्वन्धित वडाका वडा अध्यक्ष अथवा जनप्रतिनिधिको सिफारिसमा माग संकलन गरि सोही मागअनुसार वितरण गर्ने ।<br>➢ कृषकहरुलाई वितरण गरेको भर्पाई अभिलेख राख्ने ।<br>➢ वितरण गर्दा पहिलो प्रर्थामकता कृषक समुह ,कृषि सहकारी संस्था ,कृषि फार्म र अगुवा कृषकहरुलाई क्रमश वितरण गर्ने ।<br>➢ कार्यक्रम सम्पन्न भएपछि अनुगमन गर्ने । |
| ३. | वर्षे फलफूल विरुवा वितरण सत प्रतिशत अनुदानमा वितरण, केरा टिस्यू कल्चर वेर्ना अनुदानमा वितरण । | ➢ माग संकलनका लागी वडा कार्यालय वा स्थानीय पत्रपत्रिका तथा स्थानीय रेडियो मार्फत सुचना प्रकाशन तथा प्रशारण गर्ने ।<br>➢ सुचिकृत सरकारी तथा प्राईभेट फर्महरुवाट खरीद गर्ने ।<br>➢ वितरण गर्दा पहिलो प्रर्थामिकता व्यवसायिक वगैचा स्थापना गर्ने कृषक समुह ,कृषि सहकारी संस्था ,कृषि फार्म र अगुवा कृषकहरुलाई क्रमश वितरण गर्ने ।<br>➢ कृषहरुलाई वितरण गरेको भर्पाई अभिलेख राख्ने । |
| ४ | कृषि यान्त्रिकरण कार्यक्रम (हाते ट्याक्टर, रिपर, | ➢ स्थानीय पत्रिकामा वा वडा कार्यालय व्यवसायिक रुपमा खेती गर्ने कृषक समुह तथा कृषि सहकारी लाई माग संकलनका लागी सुचना प्रकाशित गर्ने ।<br>➢ सुचिकृत सप्लायर्सहरुवाट कोटेशन आह्वान वा टेण्डर प्रकृया मार्फत खरीद गर्ने । |

नगर प्रमुख

Final

Scanned with CamScanner

लमही नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

लमही, दाङ

५ नं. प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | भोजिटेवल प्लान्टर, ज्याफ प्लान्टर, अर्थो स्पोडर, च्याफ कटर, चार्जएवल स्प्रेयर) | ➢ **हाते ट्याक्टर लागी** समुहिक रुपमा कम्तिमा तरकारीका लागी १ विघा वा खाद्यान्न वाली खेतीका लागी ५ विघा वा फलफूलका लागी ३ विघामा खेती भएको हुनुपर्ने । <br> ➢ **अन्य उपकरणका लागी** वडा कार्यालय सिफारिस साथ माग भइ आएका कृषि समुह, सहकारी, तथा फर्म तथा कृषक लाई क्रमश प्राथमिकता, दिईने । <br> ➢ वितरण गरेको भर्पाई अभिलेख राख्ने । |
| ५ | विशेष कृषि कार्यक्रम - यूवा लक्षित कार्यक्रम, वाली विमा प्रिमियममा ५० प्रतिशत अनुदान, कृषि उपज ढुवानीमा अनुदान, साना सिंचाई, कृषि योग्य क्षेत्रमा चक्लावन्दि कायक्रम) | ➢ स्थानीय पत्रिकामा वा वडा कार्यालय मार्फत व्यवसायिक खेती प्रस्तावना पेशका लागी सुचना प्रकाशित गर्ने । <br> ➢ **यूवा लक्षित कार्यक्रमका** लागि तरकारी खेतीका लागी कम्तिमा ५ कठ्ठा मौरीपालनका लागी १० घार, रेशम खेतीका लागी ५ वाकस किरा पालन च्याउ खेतीका लागी १०० डल्ला च्याउ र फलफूल खेतीका लागी १ विगहा क्षेत्रफलमा खेती गर्ने कृषकले प्रस्तावका लागी आवेदन दिने । <br> ➢ **कृषि योग्य जमिन चक्लाबन्दि अनुदानको** हकमा प्रदेश वा प्रदेश स्तरिय कार्यालयवाट सूचना जारी भई प्रस्ताव छनौट भएका आयोजनालाई **स्थानीय तह र सहकारीको सहकार्यमा चक्लावन्दि सहितको नमुना फर्म स्थापना संचालन कार्यविधि - २०७७** वमोजिम संचालन गरिने । <br> ➢ प्रदेश स्तरिय कार्यालयवाट प्रस्ताव छनौट हुन नसकेमा कृषि विकास उपशाखा वाट १५ दिने सूचना प्रकाशन गर्ने । <br> ➢ रितपूर्वक दर्ता भई छनौट भएका कृषक समुह सहकारी वा फर्म वा व्यक्तिले कम्तिमा ५ विघा क्षेत्रफलमा लिजमा लिई वा संयूक्त खेती मार्फत चक्लावन्दि गरि खेती गरेको हुनुपर्नेछ । <br> ➢ चक्लावन्दि खेती गरेवापत प्रति विघा रु १५०००।- अक्षेरुपी रु पन्ध हजार मात्र भुक्तानी दिईनेछ । <br> ➢ **साना सिंचाई कार्यक्रमको** हकमा कृषक समुह वा सहकारीको प्रस्तावित आयोजनाले कम्तिमा १० विघा क्षेत्रफलमा सिंचाई सुविधा पुऱ्याउने हुनुपर्नेछ । <br> ➢ वडा कार्यालयको सिफारिस साथ रितपूर्वक कार्यालयमा दर्ता गर्ने । <br> ➢ प्रस्तावनाउपर छनौटका लागी अनुगमन समितिले स्थलगत अनुगमन गरि पेस गरेको प्रतिवेदनको आधारमा छनौट गर्ने । <br> ➢ कृषि विकास उपशाखा र छनौट भएको आयोजनाको प्रस्तावक वीच भएको सम्झौता वमोजिम कार्य सम्पन्न भए पश्चात रकम भुक्तानी गर्ने । <br> ➢ **वाली विमा प्रिमियममा ५० प्रतिशत अनुदान** वालि तथा पशुपक्षि विमा निर्देशिका २०६९ अनुसार प्रिमियम रकम तिरेपछि सो को ५० प्रतिशत रकम भुक्तानी दिईने । <br> ➢ **कृषि उपज ढुवानीमा अनुदान कार्यक्रमका** लागी कृषकले आफ्ले खेती गर्ने तरकारी तथा मसला वालीको क्षेत्रफल र उत्पादन सहितको वडा कार्यालयको सिफारिससाथ आवेदन पेस गर्ने । <br> ➢ उपज ढुवानी अनुदानका लागी भुक्तानीमाग गर्न उपज विकि गरेको सम्वन्धित वडा कार्यालय, कृषक समुह वा सहकारी वा टोल विकास समितिको सिफारिस प्रमाणको |

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | रुपमा पस गर्ने । <br> ➢ प्रति ५० के जी उपज विक्रि गरेवापत यातायात व्यवसायी संघले तोकेको प्रति व्यक्ति वरावरको रकम भुक्तानी गरिनेछ । |
| ६ | दुर्गम तथा पहाडी क्षेत्र विशेष (शितलापुर, वसन्तापुर, राटामाटा,नेलिया, भ्यूसनपुर, तरुलिया र धावारी) कार्यक्रम | ➢ लमही न.पा. वडा नं. १ को पहाडी तथा दुर्गम गांउ शितलापुर, वसन्तापुर र लमही न.पा. वडा नं. ३ को रातामाटा र लमही न पा ९ नं. वडा को नेलिया, भ्यूसनपुर,तरुलिया र धावारी मा वर्षे तरकारी खेती प्रर्वद्धनका लागी प्लाष्टिक घरभित्र **तरकारी खेती प्रर्दशन** गर्ने । <br> ➢ ७५ प्रतिशत अनुदानमा **तरकारीको वीउ** उपलब्ध गर्ने । <br> ➢ वडा कार्यालयको सिफारिसमा माग संकलन गरि ७५ प्रतिशत अनुदानमा **थोपा सिंचाई सेट** उपलब्ध गराउने । <br> ➢ वडा कार्यालयको सिफारिसमा माग संकलन गरि ७५ प्रतिशत अनुदानमा **अदुवा र वेसारको** वीउ उपलब्ध गराउने । |
| ७ | प्राङगारिक तथा वातावरणमैत्री खेती प्रर्वद्धन कार्यक्रम | ➢ विषादी प्रयोग न्यूनीकरणका लागी कृषकहरुलाई सत प्रतिशत अनुदानमा विभिन्न **जैविक विषादी, ट्र्याप तथा शुक्ष्म जिवाणु** उपलब्ध गर्ने । <br> ➢ **अनुदानमा जैविक मल वितरणका** लागी सम्वन्धित वडा कार्यालयको सिफारिसमा माग संकलन गरि कार्यालयको लक्ष वमोजिम ५० प्रतिशत अनुदानमा जैविक मल उपलब्ध गर्ने । |
| ८ | वाली संरक्षण सेवा टेवा कार्यक्रम | ➢ कृषि जन्य वालीको रोग, किरा नियन्त्रण तथा शुक्ष्म तत्व व्यवस्थापनका लागी **रासायनिक विषदीहरु तथा शुक्ष्म खाद्य तत्व** कृषकहरुलाई निशुल्क वितरण गर्ने । |
| ९ | प्रविधि प्रचार प्रसार एवं तथ्याङक विकास कार्यक्रम | ➢ कृषि विकास उपशाखाले प्रस्ताव आह्वान गरि छनौट भएको कृषक समुहको सहभागीतामा तरकारी र खाद्यान्न वालीमा तरिका र जातिय प्रर्दशनी गराउने । <br> ➢ कृषि खेती प्रणाली एवं अन्य कृषि सम्वन्धि जानकारी कृषकहरुमाझ पुऱ्याउन **पोष्टर तथा वुलेटिन प्रकाशन** गर्ने । <br> ➢ वालीनालीको उत्पादकत्व मापनका लागी वाली कटानी गर्ने र **वाली कटानी** वापत सम्वन्धित कृषकलाई क्षतिपुर्ति रकम प्रति कटानी रु ५००। अक्षेरुपी रु पाँच सय मात्र उपलब्ध गराउने । |
| १० | माटो परिक्षण सेवा तथा गुणस्तर सुधार आयोजना | ➢ लमही नगरपालिकाको कृषि विकास उपशाखा अन्तरर्गत कृषि सेवा केन्द्र स्थापना गरि माटोको गुणात्मक परिक्षणका लागी **मिनी ल्याव स्थापना** गर्ने । <br> ➢ माटोको गुणस्तर परिक्षणका लागी सवै वडामा रहेको कृषक समुहलाई समावेश गरि माटोको **नमुना संकलन सम्वन्धि तालिम** संचालन गर्ने । <br> ➢ माटोको गुणस्तर सुधारका लागी हरियो मल वनाउनका लागी **सत प्रतिशत अनुदानमा कोसेवालीको वीउ** वितरण गर्ने । |

०७६।३।४

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner